# मैवाखोला गाउँपालिका

# गाउँ सभाको सचिवालय

## ताप्लेजुङ, प्रदेश नं. १

<u>सभाका सदस्यहरुको उपस्थिति माइन्युट</u>

[illegible] औं गाउँसभा (हिउँदे अधिवेशन) | बैठक संख्या: १
[illegible] मैवाखोला गाउँपालिका ३ नं. वडा कार्यालयको सभाहल | बैठक मितिः २०८०।१०।२३
[illegible] १२.०० बजे | बैठकको अध्यक्षता: विजय प्रकाश वनेम

| क्रम संख्या | पदाधिकारीको नाम | पद | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| १ | श्री विजय प्रकाश वनेम | अध्यक्ष | | |
| २ | श्री कमल कुमारी लिम्बु | उपाध्यक्ष | | |
| ३ | श्री चन्द्र कुमार तामाङ | सदस्य | | १ नं. वडा अध्यक्ष |
| ४ | श्री नरेन्द्र लिम्बु | सदस्य | | २ नं. वडा अध्यक्ष |
| ५ | श्री खगेन्द्र थक्लुङ् (लिम्बु) | सदस्य | | ३ नं. वडा अध्यक्ष |
| ६ | श्री फूर्बा शेर्पा | सदस्य | | ४ नं. वडा अध्यक्ष |
| ७ | श्री केशर लिम्बु | सदस्य | | ५ नं. वडा अध्यक्ष |
| ८ | श्री राजुमान लिम्बु | सदस्य | | ६ नं. वडा अध्यक्ष |
| ९ | श्री रिता शेर्पा | सदस्य | | का.पा. सदस्य |
| १० | श्री पासाङ ग्याबु शेर्पा | सदस्य | | का.पा. सदस्य |
| ११ | श्री विनु लिम्बु | सदस्य | | का.पा. सदस्य |
| १२ | श्री तुलसा बराइली | सदस्य | | का.पा. सदस्य |
| १३ | श्री सुनिता फागो | सदस्य | | का.पा. सदस्य |
| १४ | श्री नरकुमारी लिम्बु | सदस्य | | का.पा. सदस्य |
| १५ | श्री राम कुमार चोङवाङ | सदस्य | | |
| १६ | श्री गणेश लिम्बु | सदस्य | | |
| १७ | श्री ममता वि.क. | सदस्य | Mamata | |

| ...क्रम सङ्ख्या | पदाधिकारीको नाम | पद | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| १८ | श्री दानुपु शेर्पा | सदस्य | | |
| १९ | श्री चन्द्रमान लिम्बु | सदस्य | | |
| २० | श्री दिलमाया सेर्पा | सदस्य | | |
| २१ | श्री साजन लिम्बु | सदस्य | | |
| २२ | श्री इन्दिरा विश्वकर्मा | सदस्य | इन्दिरा | |
| २३ | श्री मिङमा शेर्पा | सदस्य | | |
| २४ | श्री प्रेनल घिसिङ तामाङ | सदस्य | | |
| २५ | श्री सरस्वता धमला बराइली | सदस्य | सरस्वता | |
| २६ | श्री लाक्पा शेर्पा | सदस्य | | |
| २७ | श्री सुरेश वनेम | सदस्य | | |
| २८ | श्री सोम कुमारी लिम्बु | सदस्य | सोम कुमारी | |
| २९ | श्री मनिसा वराइली | सदस्य | मनिसा | |
| ३० | श्री बिरध्वज लिम्बु | सदस्य | | |
| ३१ | श्री सुमन लिम्बु | सदस्य | | |
| ३२ | श्री लाक्पाफुटी शेर्पा | सदस्य | | |
| ३३ | श्री चन्द्रकला बि.क. | सदस्य | चन्द्रकला | |
| ३४ | श्री लक्ष्मीमाया गोम्देन | सदस्य-सचिव | | |

# मैवाखोला गाउँपालिका
## गाउँसभाको सचिवालय
साँघु, ताप्लेजुङ
प्रदेश नं १, नेपाल

**अध्यक्षको वाचनपत्र**

गाउँसभाको चौधौं अधिवेशन बैठक
**(मिति २०८० माघ २३)**

गाउँसभाका सदस्यज्यूहरू, गाउँसभाको चौधौं अधिवेशनको बैठक प्रारम्भ हुन्छ । १ नं. प्रदेश गाउँसभा र नगरसभा सञ्चालन कार्यविधि ऐन, २०७५ को दफा (३) बमोजिम मैवाखोला गाउँसभाको १४ औं अधिवेशन आजबाट प्रारम्भ भएको जानकारी गराउँदछु, साथै सबै सदस्यज्यूहरूलाई हार्दिक स्वागत गर्दछु । यो अधिवेशन हिउँदे अधिवेशन भएकोले यस अधिवेशनलाई विधेयक अधिवेशनको रूपमा पनि लिइने गरिन्छ ।

सभाका सदस्यज्यूहरू, अब लोकतन्त्र प्राप्तिका लागि सबैखाले जनआन्दोलन लगायतका आन्दोलनमा जीवन उत्सर्ग गर्ने ज्ञात अज्ञात शहिदहरु प्रति श्रद्धाञ्जली अर्पण गर्न १ मिनेट मौन धारण गरौँ ।

सभाका सदस्यज्यूहरू, १ नं. प्रदेश गाउँसभा र नगरसभा सञ्चालन कार्यविधि ऐन, २०७५ को दफा ५ (१) मा सभाको बैठकमा पालना गर्नुपर्ने आचरणहरू वाचन गर्नुपर्ने व्यवस्था रहेकोले सो वाचन गर्दछु ।

क) अध्यक्ष बैठक कक्षमा प्रवेश हुदा सबैले सम्मान प्रकट गर्न उठ्नु पर्नेछ ।

ख) अध्यक्षले बैठक प्रति सम्मान प्रकट गरी आफ्नो आसन ग्रहण गर्नुपर्नेछ ।

ग) बैठक स्थगित भइ अध्यक्ष सभाबाट बाहिर निस्केपछि मात्र अरू सदस्यहरूले बैठक कक्ष छाड्नु पर्नेछ ।

घ) बैठकमा भाग लिन सदस्यले बोल्दा अध्यक्षलाई सम्बोधन गरेर मात्र बोल्नु पर्नेछ र अध्यक्षले अन्यथा आदेश दिएकोमा बाहेक उभिएर बोल्नु पर्नेछ ।

ङ) अध्यक्षले बैठकलाई सम्बोधन गरिरहेको समयमा कुनै पनि सदस्यले स्थान छाड्न हुँदैन र अध्यक्षले बोलेको कुरा गम्भिरतापूर्वक सुन्नु पर्नेछ।

च) अध्यक्षले आसन ग्रहण गरिरहेको र बोलिरहेको अवस्थामा सदस्यले अध्यक्षको आसनको अगाडीबाट हिड्न हुँदैन।

छ) कुनै सदस्यले बोलिरहेको समयमा अशान्ति गर्न बैठकको मर्यादा भंग हुने वा अव्यवस्था उत्पन्न हुने कुनै काम गर्न हुँदैन।

ज) बैठक कक्षमा अध्यक्षको सामुन्नेबाट वारपार गरी हिंड्न वा अध्यक्षको आसनतर्फ पिठ्यू फर्काएर बस्न हुँदैन।

झ) बैठकको कार्यसंग प्रत्यक्ष रूपले सम्बन्धित् विषय बाहेक अन्य विषयको पुस्तक समाचारपत्र वा अन्य कागजपत्र पढ्न हुँदैन र

ञ) बैठकको अवधिभर बैठक कक्षमा मोवाइल फोन प्रयोग गर्न हुँदैन।

सभाका सदस्यज्यूहरू, आजको बैठक देहायको कार्यसूची अनुसार अगाडी बढ्नेछ।

१. गाउँसभाको चौधौं अधिवेशन आव्हान गरेको पत्रको व्यहोरा सभा समक्ष अध्यक्षद्धारा प्रस्तुत।
२. चौधौं अधिवेशन सफलताको शुभकामना मन्तव्य।
३. समसामयिक विषयमा छलफल गर्ने प्रक्रियाको लागि (शून्य) समय निर्धारण।
४. न्यायिक समितिको गत आ.व. २०७९।८० को वार्षिक प्रतिवेदन सभा समक्ष प्रस्तुत।
५. अनुगमन समितिको गत आ.व. २०७९।८० को वार्षिक प्रतिवेदन सभा समक्ष प्रस्तुत।
६. महालेखा परिक्षणको प्रारम्भिक प्रतिवेदन सभा समक्ष प्रस्तुत।
७. LISA र FRA को नतिजा जानकारीका लागि सभा समक्ष प्रस्तुत।
८. आ.व. २०८०।८१ को बजेट तथा कार्यक्रम संशोधन सभा समक्ष प्रस्तुत।
९. मैवाखोला गाउँपालिकाको भू-उपयोग नीति २०८० सभा समक्ष अनुमोदनका लागि पेश।
१०. मैवाखोला गाउँपालिकाको आ.व. २०८०।८१ को दररेट विश्लेषण अनुमोदनका लागि सभा समक्ष पेश।
११. चालु आर्थिक वर्ष २०८०।८१ मा हाल सम्म गाउँकार्यपालिकाले गरेको निर्णयहरू अनुमोदनका लागि सभा समक्ष पेश।
१२. बैठक समापन।

**कार्यसूचीको क्रमसंख्या १**

सभाका सदस्यज्यूहरू, अब म आजको बैठकको कार्यसूचीको पहिलो नम्बरमा रहेको मैवाखोला गाउँपालिकाका अध्यक्ष श्री विजय प्रकाश वनेमले गाउँसभाको चौधौं अधिवेशन आव्हान गर्नु भएको पत्रको व्यहोरा सभाका सदस्यहरुको जानकारीका लागि पेश गर्दछु। पत्रको व्यहोरा देहाय बमोजिम रहेको छ।

मैवाखोला गाउँपालिका
## गाउँ सभाको सचिवालय
साँघु, ताप्लेजुङ

पत्र संख्या:०८०।८१
चलानी नं :

१ नं. प्रदेश, नेपाल
मिति:२०८०।१०।०७

**श्री अध्यक्षज्यू,**
**मैवाखोला गाउँपालिका,**
**गाउँ कार्यपालिकाको कार्यालय।**

**विषयः गाउँ सभाको १४ औं अधिवेशन आव्हान गरिएको सम्बन्धमा।**

प्रदेश नं. १ को गाउँसभा र नगरसभा सञ्चालन कार्यविधि ऐन, २०७५ को दफा ३ को उपदफा (२) बमोजिम मैवाखोला गाउँसभाको १४ औं अधिवेशन देहाय बमोजिमको मिति, स्थान र समयमा सुरु हुने गरी आव्हान गरिएको छ।

**बैठक बस्ने मिति, स्थान र समयः**
मितिः २०८०।१०।२३ गते मंगलवार,
स्थानः मैवाखोला गाउँपालिकाको वडा नं. ३ को सभाहल
समयः विहान ठिक ११:०० बजे।

सभाका अध्यक्ष

**कार्यसूचीको क्रमसंख्या २**

सभाका सदस्यज्यूहरू, अब म आजको दोस्रो कार्यसूचीलाई अगाडी बढाउँछु । यस गाउँसभाको १४ औँ अधिवेशन प्रारम्भको अवसरमा शुभकामना मन्तव्य राख्ने कार्यसूची अनुसार सभामा प्रतिनिधित्व गर्ने सबै राजनीतिक दलबाट १\१ जनालाई शुभकामना मन्तव्यका लागि बोलाउनेछु ।

**(समय ३ मिनेट निर्धारण गरेकोछु)**

सर्वप्रथम कार्यपालिका\सभा सदस्य श्री खगेन्द्र थक्लुङ,

अर्को कार्यपालिका\सभा सदस्य श्री चन्द्र कुमार तामाङ,

अर्को कार्यपालिका\सभा सदस्य श्री राजुमान लिम्बु,

अर्को कार्यपालिका\सभा सदस्य श्री नरेन्द्र लिम्बु

**कार्यसूचीको क्रमसंख्या ३**

सभाका सदस्यज्यूहरू, अब म आजको कार्यसूचीको तेस्रो नम्बरमा रहेको समसामयिक विषयमा छलफल गर्ने प्रक्रिया (शून्य समयको प्रयोग) अगाडी बढाउँदछु । १ नं. प्रदेशको गाउँसभा र नगरसभा सञ्चालन कार्यविधि ऐन, २०७५ को दफा ५१ को उपदफा (१) बमोजिम समसामयिक विषयमा छलफलमा भाग लिन चाहनु हुने सदस्यहरूले आफ्नो नाम दायाँ\वायाँतर्फ रहेको सचिवालयका कर्मचारीहरूलाई टिपाउन सक्नुहुनेछ ।

समसामयिक विषयमा छलफलमा भाग लिन सर्वप्रथम सदस्य श्री ............लाई अनुमति दिन्छु । समय १ मिनेट निर्धारण गरेको छु ।

समसामयिक विषयमा छलफलमा भाग लिन अर्का सदस्य श्री .............लाई अनुमति दिन्छु । समय १ मिनेट ।

सभाका सदस्यज्यूहरू समसामयिक विषयमा छलफलमा भाग लिंने क्रम यही अन्त्य हुन्छ । आजको यस बैठकमा सदस्यहरूले उठाउनु भएका सवालहरूमा सभाको गम्भिर ध्यानाकर्षण भएकोछ । सभामा उठेका सवालहरूमा कार्यपालिकाको ध्यानाकर्षण गर्दछु ।

(आवश्यकता अनुसार वाचन गर्ने)

**कार्यसूचीको क्रमसंख्या ४**

सभाका सदस्यज्यूहरु, अब म कार्यसूचीको **चौथो** नम्बरमा रहेको "न्यायिक समितिको गत आ.व. २०७९।८० को वार्षिक प्रतिवेदन सभा समक्ष पेश गर्न न्यायिक समितिका संयोजक श्री कमल कुमारी लिम्बुलाई अनुमति दिन्छु।

श्री अध्यक्ष ज्यू,

अध्यक्ष ज्यूको अनुमतिमा मैवाखोला गाउँपालिकाको न्यायिक समितिको आ.व. २०७९/८० को बार्षिक प्रतिवेदन यस सम्मानित सभामा पेश गर्दछु। न्यायिक समितिको आर्थिक वर्ष २०७९/८० को बार्षिक प्रतिवेदनको मुख्य सारंस यस प्रकार रहेको छ।

नेपालको संविधानको धारा २१७ ले गाउँपालिका तथा नगरपालिका स्तरमा विवाद निरुपण गर्न न्यायिक समिति रहने व्यवस्था गरेको छ। स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ८ दफा ४६ देखि ५३ सम्म स्थानीय तहमा न्यायिक समितिको क्षेत्राधिकार तोकिएको छ र न्याय सम्पादन प्रक्रिया सम्बन्धी व्यवस्था स्थानीय न्यायिक प्रयोजनका लागि संवैधानिक इतिहासमा पहिलो पटक भएको हो। संविधानमा उल्लेखित व्यवस्थालाई प्रभावकारी कार्यान्वयन गर्ने दायित्व स्थानीय तहमा रहेको छ। देश भरीका ७५३ वटा न्यायिक समितिबाट न्याय सम्पादन गर्ने यस प्रणालिबाट जनताको न्यायमा पहुँच सरल र सहज बनाउन मद्दत पुग्ने विश्वास लिइएकोछ साथै विवाद समाधानका वैकल्पिक उपायहरु अवलेम्बन गर्दा न्यायिक प्रक्रियामा जित जितको अवस्था सुनिश्चित हुने र न्याय प्रतिको सन्तुष्टि तथा विश्वास बढ्नुका साथै विवाद निरुपणलाई कम खर्चिलो, कम झण्झटिलो तथा मेलमिलापमुलक प्रक्रियाबाट समाधान गर्न बनाउन योगदान पुग्ने अपेक्षा गरिएको छ।

स्थानीय सरकार संचालन ऐन २०७४ ले दिइएको अधिकार क्षेत्र कार्यान्वयनलाई सह तथा सरल बनाउन मैवाखोला गाउँपालिकाले न्यायिक समिति (कार्यविधि सम्बन्धी) ऐन, २०७५ तथा मेलमिलाप कार्य सञ्चालन कार्यविधि, २०७८ समेत जारी गरी कार्यान्वयनमा ल्याएको छ। निर्दिष्ट कानुनको अधिनमा रहि न्याय सम्पादन कार्यलाई पारदर्शी बनाउन, स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५३(१) बमोजिम मैवाखोला गाउँपालिकाले न्यायिक समितिबाट सम्पादन गरेका कार्यहरुको अभिलेखिकृत गर्ने र सम्पादन गरिएका कार्यहरु सभामा पेश गर्ने उद्वेश्यले यो प्रतिवेदन तयार पारिएको छ। आर्थिक वर्ष २०७९/८० मा न्यायिक समितिका नियमित कार्यसम्पन्न गर्न समितिको जम्मा ८ बैठक सम्पन्न भएका छन्। समिति समक्ष पेश भएका विभिन्न ४ वटा उजुरी सम्बन्धी छलफल गरी आवश्यक कारवाहि गरिएको छ। उक्त उजुरीहरु छलफल भई २ वटा उजुरीहरु अदालत पठाइएको छ।

यसरी समग्रमा हेर्दा १ आर्थिक बर्ष भरीमा अत्यन्तै न्यून संख्यामा समितिमा उजुरी आएको देखिन्छ भने गाउँघरमा विवादको अवस्था भने धैरै मात्रमा सुन्न सकिन्छ। यसको अर्थ न्यायिक समितिको क्षेत्राधिकार तथा न्यायिक निरुपणको प्रक्रियाको सम्बन्धमा गाउँपालिका बासिमा अझै जानकार गराउनु पर्ने अवस्था देखिएको छ। साथै समितिको कार्य सम्पादनलाई अझ प्रभावकारी बनाउन समयसमयमा संघीय, प्रदेश सरकार तथा स्थानीय तहहरुबाट समितिका पदाधिकारी तथा कर्मचारीलाई आवश्यक क्षमताविकास कार्यक्रमको आवश्यक व्यवस्था मिलाईनु पर्ने र न्यायिक समिति मार्फत भएगरेका काम कार्वाहिको नियमित अनुगमन गरी पृष्ठपोषण गर्नु पर्ने सुझावको अपेक्षा गरिएको छ।

..............................

(कमल कुमारी लिम्बु)

संयोजक

न्यायिक समिति

सभाका सदस्यज्यूहरु, अब म कार्यसूचीको **पाचौँ** नम्बरमा रहेको “अनुगमन समितिको गत आ.व. २०७९।८० को वार्षिक प्रतिवेदन सभा समक्ष पेश गर्न अनुगमन तथा सुपरिवेक्षण समितिका संयोजक श्री कमल कुमारी लिम्बुलाई अनुमति दिन्छु।

यस सभाका सभाध्यक्ष ज्यू,

अध्यक्षज्यूको अनुमतिले आर्थिक वर्ष २०७९।८० को बार्षिक अनुगमन प्रतिबेदन अनुगमन समितिमा छलफल गरी स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १४ को उपदफा (४) को ख(५) बमोजिम म आज यस सम्मानित सभामा पेश गरेको छु ।

सभाध्यक्ष ज्यू, यस आर्थिक बर्षमा अनुगमन तथा सुपरिबेक्षण समितिले गाउँपालिकामा सन्चालन भएको आयोजनाहरुलाई जनता प्रति जवाफदेही र उत्तरदायी बनाउनको लागि टोल तथा बस्तीहरुमा प्रत्यक्षरुपमा स्थलगत अनुगमन सुपरिबेक्षणको कार्यलाई तिब्रता दिइएको छ । आयोजना कार्यन्वयनको क्रममा केही आयोजनाहरुमा शुसासन कायमको निमित्त सूचना पाटि नराखिएको, निर्माण कार्य सञ्चालन हुँदा केही आयोजनाहरुमा श्रम सहभागिता कम देखिएको तथा केही आयोजनाहरु कार्यन्वयको क्रममा कम गुणस्तरको पाइएकोले तत्काल गुणस्तरिय कार्य गर्न निर्देशन दिइएको छ ।

प्रस्तुत अनुगमन प्रतिबेदनमा आर्थिक बर्ष २०७९।०८० मा सन्चालन भएको आयोजनाहरुको उपलब्धिहरु संलग्न राखेको छु । यस अनुगमन प्रतिबेदनलाई आजको सम्मानित सभामा छलफल गर्नको लागि आर्थिक बर्ष २०७९।८० मा जम्मा सडक सोलिङ ११ कि.मि., भवन निर्माण ५ वटा , चिल्डेन पार्क १ वटा, झोलुङ्गे पुल निर्माण १०७ मिटरको १ वटा, पक्का नाली ४ कि.मि., खेल मैदान १ वटा, सुरक्षित खानेपानी १२ कि.मि पाइपलाइन विस्तार गरी ४१ घर परिवारमा वितरण, पदमार्ग निर्माण ७ कि.मि., सडक ग्राभल २ कि.मि., नयाँ ट्याक ओपन ९ कि.मि., हाउस वायरिङ ६९ घरपरिवारममा सम्पन्न जस्ता मुख्य उपलब्धिहरु समाबेश गरी पेश गरेको छु ।

... ... ... ... ...

कमल कुमारी वनेम

अनुगमन तथा सुपरिबेक्षण समिति संयोजक

सभाका सदस्यज्यूहरु, अब म कार्यसूचीको **छैठौं** नम्बरमा रहेको "महालेखा परिक्षणको प्रारम्भिक प्रतिवेदन सभा समक्ष पेश गर्न अर्थ तथा सार्वजनिक लेखा समितिका सभापति श्री चन्द्र कुमार तामाङलाई अनुमति दिन्छु।

## अर्थ तथा सार्वजनिक लेखा समितिको प्रतिवेदन

सभाका अध्यक्षज्यू,

सभाअध्यक्षज्युको अनुमतिले मैवाखोला गाउँपालिकाको अर्थ तथा सार्वजनिक लेखा समितिले तपसिलमा उल्लेखित आर्थिक वर्षको अन्तिम तथा प्रारम्भिक प्रतिवेदनमा नियमित गर्नु पर्ने वेरुजुको सम्परिक्षणका लागि तयार गरिएको प्रतिवेदनलाई सारसंक्षेपमा प्रस्तुत गरि संपरिक्षण गर्ने प्रकृया अगाडी बढाउने अनुमतिका लागि यस सम्मानित सभामा पेश गर्दछु ।

तपसिलः

| क्र.सं. | प्रतिवेदन | आ.व. | वेरुजुको प्रकार | जम्मा रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | अन्तिम | २०७७/७८ | नियमित गर्ने | २०,६७,१५८.६९ | |
| २ | अन्तिम | २०७८/७९ | नियमित गर्ने | २२,४००।- | |
| ३ | प्रारम्भिक | २०७९/८० | नियमित गर्ने | १,३६,३०,८३३.२।- | |

..................................

चन्द्रकुमार तामाङ

संयोजक

सभाका सदस्यज्यूहरु, अब म प्रस्तुत तीनवटा प्रतिवेदन उपर आफ्नो धारणा पेश गर्न चाहनुहुने सदस्यहरूलाई अनुमति दिन्छु । प्रतिवेदनको सैद्धान्तिक पक्षमाथि सामान्य छलफलमा भाग लिन चाहनु हुने सदस्यहरूले दायाँ वायाँतर्फ रहनुभएका सभाका सचिव समक्ष नाम टिपाउन वा सङ्केत गर्न सक्नुहुनेछ ।

सर्वप्रथम सदस्य श्री ............ लाई अनुमति दिन्छु । समय ३ मिनेट

अर्को सदस्य श्री ............ लाई अनुमति दिन्छु । समय ३ मिनेट

यी तीनैवटा प्रतिवेदन माथिको छलफल यही सकिएको छ ।

सभाका सदस्यज्यूहरु, अब म कार्यसूचीको **चौथो, पाँचौ र छैठौं** नम्बरमा रहेका तिनवटै प्रतिवेदनहरुलाई सभा समक्ष अनुमोदनका लागि पेश गर्दछु ।

सभाका सदस्यज्यूहरु, अब म कार्यसूचीको **सातौं** नम्बरमा रहेको "स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन(LISA) र स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन(FRA) को नतिजा जानकारीका लागि सभा समक्ष पेश गर्दछु ।

# LISA र FRA मूल्याङ्कनको सारांश

## सुशासन तथा स्थानीय सेवा समितिका संयोजकले सभामा पेश गर्दा गर्ने मन्तव्य

सभाका सदस्यज्यू, मैवाखोला गाउँपालिकाको आ.व. २०७९।८० को "स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन(LISA) र स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन(FRA) को नतिजा जानकारीका लागि यस सम्मानित सभासमक्ष पेश गर्दछु।

१. स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन(LISA) को नतिजा

| क्र.स. | विषय क्षेत्र | जम्मा पूर्णाङ्क | जम्मा प्राप्ताङ्क | प्राप्त नतिजा(%) |
|---|---|---|---|---|
| १ | शासकीय प्रबन्ध | ९ | ७.७५ | ८६.११% |
| २ | संगठन तथा प्रशासन | ८ | ७.५ | ९३.६५% |
| ३ | वार्षिक बजेट तथा योजना व्यवस्थापन | ११ | १०.५ | ९५.४५% |
| ४ | वित्तीय एवम् आर्थिक व्यवस्थापन | ११ | १० | ९०.९१% |
| ५ | सेवा प्रवाह | १६ | १६ | १००% |
| ६ | न्यायिक कार्य सम्पदान | ७ | ६ | ८५.७१% |
| ७ | भौतिक पूर्वाधार | १३ | ९ | ६९.२३% |
| ८ | सामाजिक समावेशीकरण | १० | ९ | ९०% |
| ९ | वातावरण संरक्षण तथा विपद् व्यवस्थापन | ९ | ९ | १००% |
| १० | सहकार्य र समन्वय | ६ | ५.७५ | ९५.८३% |
| **जम्मा** | | १०० | ९०.५ | ९०.५% |

२. स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन(FRA) को नतिजा

| क्र.स. | विषय क्षेत्र | जम्मा पूर्णाङ्क | जम्मा प्राप्ताङ्क | प्राप्त नतिजा(%) |
|---|---|---|---|---|
| १ | योजना बजेट तथा कार्यक्रम व्यवस्थापन | २१ | १६.९९९५ | ८०.९५% |
| २ | कार्यान्वयन क्षमता तथा व्यवस्थापन | २९ | २२.९९९९ | ७९.३१% |
| ३ | लेखाङ्कन तथा प्रतिवेदन | १७ | ११.०००७ | ६४.७१% |
| ४ | अनुगमन मूल्याङ्कन तथा लेखापरिक्षण | १६ | ११.५००८ | ७१.८८% |
| ५ | राजश्व व्यवस्थापन | १७ | ११.०००७ | ६४.७१% |
| **जम्मा** | | १०० | ७३.५ | ७३.५% |

**धन्यवाद!**

सभाका सदस्यज्यूहरु, अब म कार्यसूचीको **आठौं** नम्बरमा रहेको “मैवाखोला गाउँपालिकाको आ.व. २०८०।८१ को बजेट तथा कार्यक्रम संशोधन सभा समक्ष पेश गर्न बजेट तथा कार्यक्रम तर्जुमा समितिका संयोजक श्री कमल कुमारी लिम्बुलाई अनुमति दिन्छु।

अध्यक्ष ज्यू,

चालु आर्थिक वर्ष २०८०/८१ को लागि स्वीकृत भएका बजेट तथा कार्यक्रम संसोधनका लागि सम्बन्धित वडा समितिको सिफारिस तथा गाउँ कार्यपालिकाबाट सभामा अनुमोदन गर्ने गरी भएका निर्णयहरु संसोधनका लागि यस सम्मानित सभामा पेश गर्दछु ।

| क्र.सं. | स्वीकृत कार्यक्रम/आयोजना | विनियोजित रकम | संसोधन भएको कार्यक्रम | संसोधित रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | अध्यक्ष रोजगार कार्यक्रम अन्तर्गत | १०,००,०००।- | जनकल्याण मा.वि. मैवाखोला १ को खेल मैदानको भित्तामा ग्याबिन वाल लगाउने | १०,००,०००।- | वडा नं. १ |
| २ | वडा नं. १ को बागधारा ठाडो खोल्सा तटबन्धन र बायो इन्जिनियरिङ | २००,०<br>.<br>००।- | सामुदायिक स्वास्थ्य इकाई तेल्लाबुङमा मर्मत | २००,०००।- | वडा नं. १ |
| ३ | खानेपानीका लागि GWT सँग सहकार्य | ३००,०००।- | क) ठोट्ने लाली सडक ट्रयाक ओपन २०००००\-<br>ख) बेसारको बीउ खरिद तथा वितरण ५०,०००\-<br>ग) फुषको छाना प्रतिस्थापनमा थप ५०,०००\ | ३००,०००।- | वडा नं. २ |
| ४ | चल्ले माङमाया खोला काठेपुल निर्माणको | १००,०००।- | घुम्तीदेखि तुम्बे खानेपानी पाईप खरिद तथा मर्मत | १००,०००।- | वडा नं. ३ |
| ५ | माङमाया घुम्तीदेखि हाङयुम्बा नेरासम्म सिँचाइ | २००,०००।- | माङमाया घुम्ती सिँचाइ कुलो पाइप खरिद तथा मर्मत | २००,०००।- | वडा नं. ३ |
| ६ | लुकुवा खोला र बोर्डिङ छेउको काठे पुल | १००,०००।- | क) काठे पुल निर्माणको लागि रु ५०,०००\-<br>ख) बोर्डिङ छेउको काठे पुल मर्मतको लागि ५०,०००।- | १००,०००।- | वडा नं. ३ |
| ७ | मङ्गलादेवी आ.वि. घेराबारा निर्माण | २००,०००।- | वडा कार्यालयमा ग्याबिन वाल निर्माण | २००,०००।- | वडा नं. ४ |

| | | | | | |
|---|---|---|---|---|---|
| ८ | नव ज्योति आ.वि. को भवन मर्मत | २००,०००।- | उक्त विद्यालयको घेराबारा निर्माण | २००,०००।- | वडा नं. ४ |
| ९ | खुम्बु खर्क खानेपानी निर्माण | १०,००,०००।- | क) खहरे खोलादेखि शेर्पा जातिको समाधि स्थलसम्म नयाँ ट्राक खोल्ने रु ८००,०००।-<br>ख) दमदमे खानेपानी मुहान मर्मतको लागि रु २००,०००।- | १०,००,०००।- | वडा नं. ५ |
| १० | बन्सोभिर गोरेटो बाटो मर्मत | ४००,०००।- | हिमालय आ.वि. देखि डाँडागाउँ, वोन्स्यो, वर्गोबा, पितोलुङ हुदै याङ्देलि जोड्ने मोटरबाटो निर्माण | ४००,०००।- | वडा नं. ५ |
| ११ | रानीवन आ.वि. विद्यालयको घेराबारा | ५००,०००।- | रानीवन आ.वि. विद्यालयको ठेस गाहो निर्माण | ५००,०००।- | वडा नं. ५ |
| १२ | एकीकृत बस्ती विकास सम्भाव्यता अध्ययन | १०,००,०००।- | वडा नं. ४ को ६५ विस्थापित घर परिवारलाई स्थायी पुनर्वासको लागि जग्गा व्यवस्थापन | ३०,००,०००।- | वडा नं. ४ |
| १३ | एमबीबीएस डाक्टर शीर्षकबाट रु २०,०००००\- , साथै | २०,००,०००।- | | | |
| १४ | स्थायी कर्मचारी तलब भत्ता | १५००,०००।- | क) इन्धन शिर्षकमा रु ५ लाख<br>ख) भैपरी आउने शीर्षकमा रु १० लाख | १५,००,०००।- | |
| १५ | निशुल्क आयुर्वेद स्वास्थ्य शिविर | ४००,०००।- | स्वास्थ्य क्षेत्रको सामाजिक परीक्षण | ३००,०००।- | |
| १६ | न्यायिक समिति | ३००,०००।- | जिल्ला बार एशोशिएसन ताप्लेजुङको भवन निर्माणका लागि सहयोग | २००,०००।- | |
| १७ | अध्यक्ष स्वास्थ्य सहयोग कोष | १५,००,०००।- | वडा नं. ५ को मुख्य सडकको मर्मत | ५००,०००।- | |

कमल कुमारी लिम्बु
उपाध्यक्ष

सभाका सदस्यज्यूहरू, अब म चालु आ.व.को संशोधित बजेट र बजेट संशोधन प्रस्तावलाई अनुमोदनका लागि पेश गर्दछु ।

सभाका सदस्यज्यूहरू, अब म आजको बैठकको कार्यसूचीको **नौँ** नम्बरमा रहेको “मैवाखोला गाउँपालिकाको भू-उपयोग नीति २०८०” सभा समक्ष अनुमोदनका लागि पेश गर्दछु ।

# संक्षिप्त सारांस(भू-उपयोग नीति)

भूमिको गुण क्षमता र बनावटको आधारमा जमिनलाई वर्गीकरण गरी सो अनुरूप मैवखोला गाउँपालिकाको भू-उपयोग नक्सा तथा तथ्याङ्क तयार गर्न भू- उपयोग नीति तयार गरिएको हो। नेपालको संविधान, भूमिसम्बन्धी ऐन २०२१, भू-उपयोग ऐन २०७६ र भू-उपयोग नियमावली २०७९ ले निर्दिष्ट गरेको कुरा अङ्गीकार गरी यो भू- उपयोग नीति निर्माण गरिएको हो। यस नीति मैवाखोला गाउँपालिकाको प्रत्येक वडाहरूबाट भरपूर बैठक तथा छलफलबाट तथ्याङ्क सङ्कलन गरी तयार पारिएको छ।

नापी विभागद्वारा तयार गरिएको भू-उपयोग नक्सा केही वर्ष अगाडिको भएकाले र यस अवधिमा मैवाखोला गाउँपालिकाको भू-उपयोगमा धेरै परिवर्तन आइसकेकोले मैवाखोला गाउँपालिकाले यस 'भू-उपयोग नक्सा अध्यावधिक परियोजना' को आवश्यकता महसुस गरी समयपरक नक्सा तयार गरी भूमिको समुचित प्रयोग गर्न यस भू-उपयोग नीति निर्माण गरिएको हो। यस नीतिमा कृषि क्षेत्र, आवासीय क्षेत्र व्यवसायिक क्षेत्र, नदी, खोला, ताल तथा सिमसार क्षेत्र, सार्वजनिक तथा पुरातात्विक महत्वको क्षेत्र, सांस्कृतिक तथा पुरातात्विक महत्वको क्षेत्र समेटी तयार पारिएको छ।

यसले मैवाखोला गाउँपालिकाको जग्गा वर्गीकरणका लागि साथै हाल तत्काल व्यवस्थापन गर्नुपर्ने भूमिहीन दलित, भूमिहीन सुकुम्वासी तथा अव्यवस्थित बसोबासी व्यवस्थापनको लागि समेत थपटेवा पुग्ने अपेक्षा लिइएको छ।

सभाका सदस्यज्यूहरु, अब म कार्यसूचीको **दशौं** नम्बरमा रहेको "मैवाखोला गाउँपालिकाको आ.व. २०८०।८१ को दररेट विश्लेषण सभा समक्ष अनुमोदनका लागि पेश गर्दछु ।

दररेट विश्लेषण (सारांस)

प्रस्तुत दर रेट विश्लेषण मैवाखोला गाउँपालिकामा आर्थिक बर्ष २०८०।०८१ मा कार्यन्वयन हुने आयोजनाहरुको पूर्बाधार विकास शाखा बाट तयार हुने आयोजनाहरुको लागत अनुमानमा एकरुपता कायम गर्न यस दर विश्लेषण उपयोगी हुने भएकोले अनुमोदनको लागि यस सभामा स्थानीय कृषि सडक तथा पूर्बाधार विकास विभागले तयार गरेको नर्म्स उपभोक्ता प्रणाली र निर्माण व्यवसायी प्रणाली साथै सहरी विकास तथा भवन निर्माण विभागले तयार पारेको नर्म्सको उपभोक्ता प्रणाली र निर्माण व्यवसायी प्रणालीको दर विष्लेषण गरी संलग्न गरिएको छ ।

सभाका सदस्यज्यूहरु, अब म कार्यसूचीको **एघारौँ** नम्बरमा रहेको “चालु आर्थिक वर्ष २०८०।८१ मा गाउँकार्यपालिकाले गरेको निर्णयहरू अनुमोदनका लागि सभा समक्ष पेश गर्दछु ।

सभाका सदस्यहरु, अब म आजको कार्यसूचीको ११ औं नम्बरमा रहेको चालु आ.व. २०८०/०८१ मा हाल सम्म विभिन्न मितिमा बसेको कार्यपालिकाको बैठकले सभाबाट अनुमोदन गर्ने गरी गरेका निर्णयहरुलाई अनुमोदन गर्न यस सभामा पेश गर्दछु।

| बैठक संख्या | निर्णय मिति | बैठकका निर्णयहरु | (रकम रु) | कैफियत |
|---|---|---|---|---|
| १ | २०८०/०४/२४ | **निर्णय नं ६** साँघु प्रहरी चौकी रिटेनिङ्‌ वाल र साँघु प्रहरी चौकी जाने बाटो मर्मतका लागि लाग्ने १२ लाख ५० हजार रकम समपूरक कोषबाट खर्च गर्ने निर्णय गरियो। | १२,३०,०००।- | |
| | | **निर्णय नं ७** मैवाखोला २ अन्तर्गत रहेको प्राथमिक स्वास्थ्य केन्द्रमा निर्माणाधिन १५ सैयाको अस्पतालको कार्य भैरहदा असार २ गते राती आएको भिषण बर्षाको कारण नर्सिङ्‌ र डाक्टर क्वाटर चर्कीएकाले सोको मर्मत, रङ्ग रोकन, पार्टेशन लगायतको कार्य गर्न आवश्यक बजेट रु ३ लाख समपूरक कोषबाट खर्च गर्ने निर्णय सर्वसम्मतले गरियो। | ३,००,०००।- | |
| ३ | २०८०/०५/१८ | **निर्णय नं ७** ताप्लेजुङ गोल्डकप फुटबल प्रतियोगिता-२०८०को लागि लाखेजात्रा सञ्चालन समितिले आफ्नो प्रस्तावना सहित रु १०००००। रुपैँया सहयोग माग गरेको हुनाले उक्त समितिले माग गरे बमोजिमको रकम विविध शीर्षकबाट सहयोग गर्ने सर्व सम्मतले निर्णय गरियो। | १००,०००।- | |
| ४ | २०८०/०६/१० | **निर्णय नं.-२** मिति २०८०/०३/०२ गते राति परेको अविरल बर्षाको कारण आएको बाढी तथा पहिरोले अवरुद्ध निम्न सडकहरु आउदै गरेको महान चाडपर्व दशै तथा तिहारमा हुने खाद्यन्न लगायत ढुवानी सेवालाई मध्य नजर गर्दै मर्मत संभार कोषबाट खर्च व्यहोर्ने गरी मर्मत गरी सडक खुलाउने निर्णय गरियो।<br>निम्नः<br>क) वडा नं. २ को खानीटोल देखि खार्तेसम्म सडक मर्मत<br>ख) वडा नं. १ र २ अन्तर्गतका अवरुद्ध सडक<br>ग) गाउँपालिका केन्द्र देखि वडा नं. ४ सम्मको अवरुद्ध सडक<br>घ) वडा नं. २ देखि लालि मानेडाँडा हुदै ३ नं. तालखर्क मजुवा खण्ड मालिङ्गेनी, ताम्राङ, रिफाईले, घिमिरे गाउँसम्म अवरुद्ध सडक<br>ङ) तालखर्क देखि सौरेनी ओरालो बाटो हुँदै गाउँपालिका केन्द्र सम्म सडक<br>च) गाउँपालिका केन्द्र देखि गौतम डाँडा, माङ्गाया खोला अवरुद्ध सडक। | | |

| | | | | |
|---|---|---|---|---|
| ५ | २०८०/०८/०७ | **निर्णय नं.-२** प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतको बजेट नेपाल सरकारबाट प्राप्त ८८१३३३ रकम वडा नं.१, २ र ३ लाई र आइडीए बाट प्राप्त ८६८४००।- रकम वडा नं. ४, ५ र ६ लाई बाँडफाँड गरी प्रदान गर्ने सर्व-सम्मतले निर्णय गरियो। | १७,४९,७३३।- | |
| | | **निर्णय नं.- ७** २०८०\०३\२ गते आएको भीषण वर्षाका कारण पहिरो पीडित ओदक वस्ती सार्नुपर्ने भएकाले निर्माणाधीन मदन भण्डारी रङ्गशालामा अस्थायी टहरा निर्माण गर्दा लागेको खर्च भुक्तानी गर्नका लागि मर्मत कोषबाट १९०००००।- (उन्नाइस लाख) मात्र विपद कोषमा रकमान्तर गरी भुक्तानी गर्ने सर्व सम्मतले निर्णय गरियो साथै यस निर्णय आगामी हिउँदे सभामा अनुमोदनका लागि पेश गर्ने निर्णय गरियो। | १९,००,०००।- | |
| | | **निर्णय नं.-८** २०८०\०३\२ गते आएको भीषण वर्षाका कारण पहिरो गई सडकहरू क्षतविक्षत भएकाले उक्त सडकहरू वडा नं. २ देखि लाली मानेडाँडा मझुवा खण्ड हुँदै रिफाइले सम्म सडक मर्मत का लागि रु ८५०,००० र गा.पा. केन्द्र देखि ४ नं. सम्म जाने सडक रु ५०००००\- रकम गा.पा.को समपुरक कोषबाट खर्च गर्ने सर्व-सम्मतले निर्णय गरियो। | १३,५०,०००।- | |
| | | **निर्णय नं. १८** गाउँपालिकामा लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान कार्यक्रम सञ्चालनका निम्ति विविध खर्च शीर्षकबाट ७० हजार खर्च गर्ने निर्णय सर्वसम्मतले गरियो। | ७०,०००।- | |
| | | **निर्णय नं. १९** मैवाखोला गाउँपालिका वडा नं. १ को कार्यालय मर्मत तथा व्यवस्थापनका लागि ५० हजार मसलन्द शिर्षकबाट खर्च गर्ने निर्णय सर्वसम्मतले गरियो। | ५०,०००।- | |
| ६ | २०८०/०९/०१ | **निर्णय नं ८** स्वास्थ्य क्षेत्रको सामाजिक परीक्षण विज्ञहरू मार्फत गर्ने साथै उक्त कार्यका लागि रु ३००,०००।- विविध खर्च शीर्षकबाट रकम विनियोजन गर्ने सर्व सम्मत निर्णय गरियो। | ३००,०००।- | |
| | | **निर्णय नं ९** मैवाखोला गाउँपालिका वडा नं. २ डाँडा टोलमा स्थायी बसोबास गर्ने केसर सिंह लिम्बू र चतुर बहादुर वनेमको जोडिएर रहेको घर मिति २०८०\०७\१८ गते आगलागी भई पूर्ण रुपमा क्षति भएको भनी श्री अस्थायी प्रहरी चौकी ढुङ्गेसाँघुको प्रहरी मुचुल्का र वडा नं. २ को सिफारिस सहित राहत सहयोग माग गरेको हुँदा आजको बैठकले रु ५०,०००।- रकम सहयोग गर्ने सर्व सम्मतले निर्णय गरियो। | ५०,०००।- | |
| | | **निर्णय नं ११** श्री गङ्गा आ.वि. ताम्राङ्ले एच पी एफसँग साझेदारी गरी शौचालय निर्माण गर्ने क्रममा रकम अपुग भई इस्टिमेट सहित सहयोग माग गरेको हुनाले उक्त विद्यालयलाई रु १५०,०००\ दिने सर्व सम्मतले निर्णय गरियो साथै यस निर्णयलाई आगामी गाउँ सभामा अनुमोदनका | १,५०,०००।- | |

| | | | | |
|---|---|---|---|---|
| | | लागि पेश गर्ने निर्णय गरियो। | | |
| | | **निर्णय नं १२** पुषेमेला स्वर्ण महोत्सव व्यवस्थापन समिति तथा दोभान स्पोर्टिङ क्लब दोभान ताप्लेजुङद्वारा आफ्नो परियोजना प्रस्तावना सहित सहयोग माग गरेको हुनाले उक्त मेलालाई रु १०००००\(एक लाख मात्र) सहयोग प्रदान गर्ने निर्णय गरियो र साथै यस निर्णयलाई आगामी गाउँ सभामा अनुमोदनका लागि पेश गर्ने सर्व सम्मतले निर्णय गरियो। | १००,०००\|- | |
| | | **निर्णय नं १४** फक्ताङलुङ मुन्धुम अध्ययन तथा अभिलेखीकरण २०८० को परियोजना प्रस्ताव सहित रैथाने सङ्गीत समूह झम्सीखेल, ललितपुर, नेपालद्वारा आर्थिक सहयोग माग भई आएकाले उक्त समूहलाई रैथाने कला, साहित्य र संस्कृतिको संरक्षण तथा प्रवर्द्धन शीर्षकबाट रु १०००००\- र छपाई तथा पकाशन शीर्षकबाट २०००००\- गरी जम्मा ३ लाख रुपैँया रकम सहयोग गर्ने सर्वसम्मतले निर्णय गरियो साथै यस निर्णयलाई आगामी गाउँसभामा अनुमोदनका लागि पेश गर्ने सर्वसम्मतले निर्णय गरियो। | ३००,०००\|- | |
| | | **निर्णय नं २१** मैवाखोला गाउँपालिका अन्तर्गत रहेका मेलमिलाप केन्द्रमा मेलमिलाप कर्ता सूचिकृत गर्न मेलमिलाप सम्बन्धी आधारभूत तालिम सञ्चालन गर्न आवश्यक बजेट न्यायिक समिति शीर्षकमा रहेको ८ लाख रुपैयाँ बजेटबाट ५ लाख रुपैयाँ मेलमिलाप कर्तालाई आधारभुत ४८ घण्टे तालिम शीर्षकमा कार्यक्रम बनाई खर्चगर्ने गर्ने निर्णय गरियो। | ५००,०००\|- | |
| | | **निर्णय नं २२** मैवाखोला गाउँपालिकाको रोजगार सेवा केन्द्रमा हाल सम्म दुई पाङ्ग्रे गाडी नभएको र श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (प्रधानमन्त्रि रोजगार कार्यक्रम) बाट समेत परिपत्र गरेको हुँदा रोजगार सेवा केन्द्रको सुदृढिकरण शीर्षकमा रहेको २ लाख र अपुग हुने १ लाख रुपैयाँ गाउँपालिका अन्तर्गतको विविध खर्च शीर्षकबाट खर्च हुने गरी दुई पाङ्ग्रे गाडी(मोटरसाईकल) किन्ने प्रक्रिया अगाडि बढाउने कार्यालयलाई निर्देशन दिने निर्णय सर्वसम्मतले गरियो | १०००००\|- | |
| ७ | २०८०/०९/२९ | **निर्णय नं ६** ताप्लेजुङ सरोकार केन्द्र, काठमाण्डौलाई स्मारिका प्रकाशनका लागि सहयोग माग भएकाले रु १०००००\ एक लाख मात्र रकम विविध शीर्षकबाट सहयोग स्वरूप प्रदान गर्ने सर्व-सम्मतले निर्णय गरियो। | १००,०००\| | |
| | | **निर्णय नं ७** एकीकृत कर सङ्कलन प्रणाली AMC सफ्टवेयरको सम्झौता म्याद सकिएकाले उक्त सफ्टवेयरको थप सम्झौताका लागि रु १७१७६०\एक लाख एकहत्तर हजार सात सय साठी रकम छपाई तथा प्रकाशन शीर्षकबाट खर्च गर्ने सर्व सम्मतले निर्णय गरियो। | १७१,७६०\|- | |

| | | | | |
|---|---|---|---|---|
| | | **निर्णय नं. ९** फागोलुङ माङ्गेन्नायक पिरिङ्गे समाज, मैवाखोलाले कक्फेक्वा तङ्नाम (माघे सङ्क्रान्ति) पर्व मनाउनका लागि सहयोग माग भएकाले उक्त समाजलाई रु ५०,०००।- रकम विविध शीर्षकबाट सहयोग गर्ने सर्व सम्मतले निर्णय गरियो। | ५०,०००।- | |
| ८ | २०८०/१०/१ | **निर्णय नं. १३** बजार प्रबर्द्धन अन्तरगत रहेको रु १०००००\- बजेट ३ नं. वडामा रहेको नर्सरी व्यवस्थापनका लागि रकमान्तर गर्ने सर्व सम्मतले निर्णय गरियो। | १००,०००।- | |
| | | **निर्णय नं. १४** पशुपालन तर्फ ५०% अनुदानमा रहेको रु १५०,०,०००।- रकम वडा नं. १,२,३ लाई ३\३ लाखको दरले गाई खरिदको लागि र वडा नं. ४,५ र ६ नं. वडालाई २\२ लाखको दरले बाख्रा खरिदका लागि रकम ब्रेक डाउन गर्ने सर्व सम्मतले निर्णय गरियो। | १५००,०००।- | |
| | | **निर्णय नं. १५** मैवाखोला गाउँपालिकाको वडा नं. ४ स्थित झ्याउँ पोखरी क्षेत्रमा पर्यापर्यटन विकास गर्ने उद्धेश्यले गाउँपालिकाले आवश्यक बजेट समेत विनियोजन गरी पालिका स्तरको गौरवको आयोजनाको रूपमा समेत समावेश गरी गुराँस पार्क निर्माण कार्य अगाडि बढिरहेकोले सो क्षेत्र मध्येको पूर्वमा रमिते खोल्सी छेउ, पश्चिममा चरापानी, उत्तरमा नेरुवा खर्क छेउ र दक्षिणमा जोर पोखरी छेउ यति चार किल्ला भित्रको करिब ३२१३७७ वर्ग मि. (६३२ रोपनी ) बराबरको जग्गा गुराँस पार्क निर्माण गरी पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्न प्रदेश वन ऐन २०७७ को दफा १६ अनुसार आवश्यक प्रक्रिया अगाडि बढाउने सर्व सम्मतले निर्णय गरियो साथै यस निर्णयलाई अनुमोदनका लागि आगामी सभामा पेश गर्ने निर्णय गरियो। | | |
| | | **निर्णय नं. १६** वडा नं. २ बस्ने श्री टिकाराम लिम्बूको १० वर्षको छोरा करेन्ट लागि सिकिस्त अवस्थामा रहेको र निज बच्चाको उपचारको लागि प्रहरी मुचुल्का सहित सहयोग माग भएको हुँदा रु ६०,०००\- रकम अध्यक्ष स्वास्थ्य सहयोग कोषबाट सहयोग गर्ने सर्वसम्मतले निर्णय गरियो। | ६०,०००।- | |
| | | **निर्णय नं. १९** मैवाखोला-४ निवासी सङ्गीत प्रेमी श्री प्रेम लिम्बू संयोक दुई वटै आँखा नदेख्ने अपाङ्गता भएको तर उत्कृष्ट | १००,०००।- | |

| | | | | |
|---|---|---|---|---|
| | | प्रतिभा भएको प्रतिभावान व्यक्ति भएको कारण साथै वहाँले आधुनिक प्रकृतिका बाँसुरी खरिद गर्न आफ्नो प्रस्तावना सहित आर्थिक सहयोग माग गर्नु भएकोले निजलाई रु १००,०००\- रकम विविध शीर्षकबाट सहयोग गर्ने सर्व-सम्मतले निर्णय गरियो । | | |
| | | **निर्णय नं. २०** ताप्लेजुङ सरोकार केन्द्र, काठमाडौँद्वारा ताप्लेजुङको पर्यटन कृषि, शिक्षा, संस्कृति, जलस्रोत साथै जिल्लाको ऐतिहासिक तथा महत्वपूर्ण सम्पदा लगायत ताप्लेजुङको समग्र पक्षको चित्रण गर्ने पुस्तक\तथा स्मारिका प्रकाशनका लागि सहयोग आर्थिक सहयोग माग भइ आएकाले विविध शीर्षकबाट रु १०००००\- रकम सहयोग गर्ने सर्वसम्मतले निर्णय गरियो । | १००,०००।- | |
| | | **निर्णय नं. २१** कञ्चनजङ्घा फुङ्लिङ क्लबको आयोजनामा चासोक तङ्नाम सञ्चालन समितिद्वारा सञ्चालन गरिएको कञ्चनजङ्घा सेसेलुङ गोल्डकप तथा विविध साँस्कृतिक कार्यक्रमको प्रगति प्रतिवेदन सहित सहयोग माग भई आएकाले विविध शीर्षकबाट रु ५०,०००\- रकम आर्थिक सहयोग माग गर्ने सर्वसम्मतले निर्णय गरियो । | ५०,०००।- | |
| | | **निर्णय नं. २२** सहुलियत कर्जाका लागि ब्याज अनुदान कार्यक्रम कार्यविधि, २०८० का लागि कन्टिन्जिन्सी रकमबाट रु ३००,०००\- बजेट विनियोजन गर्ने सर्व सम्मतले निर्णय गरियो । | ३००,०००।- | |

सभाका सदस्यज्यूहरु, अब म कार्यसूचीको **वाह्रौं** नम्बरमा प्रवेश गर्दछु ।

सभाका सभासद्ज्यूहरू, आजको निर्धारित कार्यसूचीमा छलफल सकिएको जानकारी गराउँदछु । साथै सभाको १४ औं अधिवेशन आजकै मितिबाट समापन गर्दैछौं । सभाको १४ औं अधिवेशन अत्यन्तै महत्वपूर्ण र ऐतिहासिक रह्यो ।

सभाका सदस्यज्यूहरू, यस अधिवेशन अवधिभर हामीले न्यायिक समितिको गत आ.व. २०७९।८० को वार्षिक प्रतिवेदन, अनुगमन समितिको गत आ.व. २०७९।८० को वार्षिक प्रतिवेदन, मैवाखोला गाउँपालिकाको भू-उपयोग नीति २०८०, आ.व. २०८०।८१ को बजेट तथा कार्यक्रम संशोधन, LISA र FRA को नतिजा, महालेखा परिक्षणको प्रतिवेदन अनुसार आ.व. २०७७।७८ को अन्तिम प्रतिवेदनमा उल्लेख भए अनुसारको बेरुजु, आ.व. २०७८।७९ को अन्तिम प्रतिवेदनमा उल्लेख भए बमोजिमको बेरुजु र आ.व. २०७९।८० को प्रारम्भिक प्रतिवेदन अनुसार उल्लेख भएको बेरुजु सम्बन्धी सम्परिक्षण गर्न, आ.व. २०८०।८१ को दररेट विश्लेषण र आ.व. २०८०।८१ मा कार्यपालिकाले गरेका निर्णयहरु अनुमोदन गर्न सफल भएका छौँ । सभाको बैठकमा सदस्यज्यूहरुले समसामयिक विषयमा राख्नु भएको धारणाहरुका बारेमा कार्यपालिकालाई ध्यानाकर्षण गराउँदछ । यस १४ औँ अधिवेशनका गतिविधिलाई प्रभावकारी बनाउन सहयोग गर्नुहुने सदस्यहरू, सचिवालय कर्मचारी, सुरक्षा निकायबाट खटिनुहुने सुरक्षा कर्मी सम्पूर्णमा हार्दिक धन्यवाद दिन्छु । सभाका सदस्यज्यूहरू, अब म १४ औं अधिवेशनको आजको बैठकमा अनुपस्थित सदस्यहरुको नाम पढेर सुनाउछु ।

**अनुपस्थित:-**

सदस्य- श्री गणेश लिम्बु
सदस्य- श्री दिलमाया शेर्पा
सदस्य- श्री साजन लिम्बु
सदस्य- श्री विरध्वज लिम्बु
सदस्य- श्री सुमन लिम्बु

अब म आजकै मिति बाट मैवाखोला गाउँपालिकाको गाउँ सभाको १४ औं अधिवेशन अन्त्य गरिएको पत्र बाचन गर्दछु ।

# मैवाखोला गाउँपालिका
# गाउँ सभाको सचिवालय
साँघु, ताप्लेजुङ

---

सभाका सदस्यहरू,

प्रदेश नं. १ को गाउँसभा र नगरसभा सञ्चालन कार्यविधि ऐन, २०७५ को दफा ३ को उपदफा (२) बमोजिम मैवाखोला गाउँसभाको १४ औँ अधिवेशन आजकै मिति २०८० साल माघ २३ गते रातको १२ बजेबाट समाप्त भएको जानकारी गराउँदछु ।

सभाका अध्यक्ष

निर्णय नं. ६ (क)

प्रस्ताव नं. (१) माथि छलफल गर्दा महालेखा परिक्षकको कार्यालयबाट भएको लेखापरीक्षण बमोजिम यस गाउँपालिकाको आ.व. २०७९/८० को लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनमा उल्लेख भएका नियमित गर्ने बेरूजुका सम्बन्धमा नियमित गर्ने तपशील बमोजिमका बेरूजु उपर लगत कट्टाका लागि यस गाउँपालिकाको अर्थ तथा सार्वजनिक लेखा समितिको मिति २०८०/१०/१६ गतेको बसेको बैठक र कार्यपालिकाको मिति २०८०/१०/१९ गते बसेको बैठकको निर्णय नं. २५ बमोजिम प्रारम्भिक लेखा परीक्षण प्रतिवेदनले औल्याएका बेरूजु नियमित गर्न निर्णय गरी मिति २०८०/१०/२३ गते १४ औ. हिउदे गाउँ सभा अधिवेशन समक्ष पेश गरेकोमा अर्थ तथा सार्वजनिक लेखा समिति र कार्यपालिकाको निर्णय बमोजिम यस हिउदे गाउँसभाबाट महालेखा परीक्षकको कार्यालयले औल्याएका बेरूजु नियमित गरी आगामी दिनमा सुधार गर्ने प्रतिवद्धता समेत व्यक्त गर्दै प्रारम्भिक लेखा परीक्षण प्रतिवेदनले औल्याएका बेरूजु नियमित गर्न तपशील बमोजिमको निर्णय सर्वसहमतिले पारित गरियो ।

तपशील:

| वे.द. नं. | बेरूजु विवरण | रकम | बेरूजु फछ्यौट व्यहोरा | रकम | फछ्यौट गर्ने जिम्मेवारी व्यक्तिको नाम |
|---|---|---|---|---|---|

३२

नेपाल सरकार अर्थ मन्त्रालयलाई संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प सं २०७७।७८ च नं १०३ मिति २०७८।३।२४ को पत्रबाट नेपाल सरकार अन्तर्गत विभिन्न निकायको स्वीकृत दरबन्दीमा करारमा कार्यरत कर्मचारीहरुलाई मासिक रुपमा महगी भत्ता उपलब्ध गराउने सम्बन्धी ब्यहोराका सम्बन्धमा कानुनमा यस किसिमको ब्यबस्था नभएकोले महगी भत्ता उपलब्ध गरउन नसकिने निर्णय गरी मिति २०७९।१।२१ मा जानकारी गरएको देखिन्छ । त्यसैगरी स्थानीय तहमा कार्यरत करारका कर्मचारीहरुलाई महँगी भत्ता उपलब्ध गराउन मिल्ने कानूनी ब्यबस्था देखिदैन । तर पालिकाले देहाय बमोजिमका करारमा कार्यरत कर्मचारीहरुलाई करार सम्झौता गर्दा मासिक रुपमा महँगी भत्ता समेत पाउने उल्लेख गरी मासिक रुपमा महँगी भत्ता उपलब्ध गराएको छ । यसरी कानूनमा यस्तो सुविधा पाउने प्रावधान नभएको अवस्थामा सम्झौतामा राखी भत्ता दिएको कार्य नियमसम्मत नदेखिएको रु

| कर्मचारीको नाम थर | पद | महंगी भत्ता |
|---|---|---|
| मदन तिवारी | सु.प्र.अ. | ६००० |
| सुक बहादुर वनेम लिम्बु | निजी सचिव | ६००० |
| तिलोचन गौतम | का.स. | ६००० |
| रुप नारायण श्रेष्ठ | का.स. | ६००० |
| राजन कुमार राई | का.स. | ६००० |
| देशहाङ लिम्बु | का.स. | ६००० |
| दोर्चि शेर्पा | का.स. | ६००० |
| स्मारिका लिम्बु | निजी सचिव | ६००० |
| पारवति पाङ्मा लिम्बु | स.लैव अस्मि. | ६००० |
| सन्त कुमार वनेम लिम्बु | का.स. | ६००० |
| सुनिता शेर्पा | का.स. | ६००० |
| चन्द्र वीर माङदेन | हे.मे. ड्राइभर | ६००० |
| दालामु शेर्पा | अ.न.मी. | ६००० |
| अमिट लिम्बु | ल्या.अ. | ६००० |
| रण सिंह लिम्बु | एम्बुलेन्स ड्राइभर | ६००० |
| सुर्य लिम्बु | है.मे. ड्राइभर | ६००० |
| विजय लिम्बु | का.स. | ६००० |
| मन्जु लिम्बु | ल्या.अ. | ६००० |
| परदेशी चेम्जोङ | रेडियोग्राफर | ६००० |
| गोपीमाया प्रसाईं | का.स. | ६००० |
| पेमा शेर्पा | अ.स.इ | ६००० |
| सुरेन्द्र राई | ओभीओटी | ६००० |
| सुजन लिम्बु | ओभीओटी | ६००० |
| जम्मा | | १३८००० |

१३८०००

गुणस्तरीय, पारदर्शी ढंगबाट सेवाग्राहीहरूलाई सेवा प्रवाह गर्न र स्थानीय तहमा बढी कामको बोझ हुने भएकोले कार्यालय समय मात्र नभई अन्य समय पनि काम गर्नु पर्ने भएको हुँदा मिति २०७९ साल श्रावण देखि असोज महिनाको मात्र मंहगी भत्ता भुक्तानी दिएको र कार्तिक देखि हालसम्म निम्न करारका कर्मचारीहरूलाई मंहगी भत्ता भुक्तानी नदिएको हुनाले उक्त बेरूजु नियमित गरी फछ्यौट गर्ने निर्णय भएको हुँदा बेरूजु लगत कट्टा गरिदनु हुन मलेप समक्ष पेश गर्ने निर्णय गरियो ।

| कर्मचारीको नाम थर | पद | महंगी भत्ता |
|---|---|---|
| मदन तिवारी | सु.प्र.अ. | ६००० |
| सुक बहादुर वनेम लिम्बु | निजी सचिव | ६००० |
| तिलोचन गौतम | का.स. | ६००० |
| रुप नारायण श्रेष्ठ | का.स. | ६००० |
| राजन कुमार राई | का.स | ६००० |
| देशहाङ लिम्बु | का.स. | ६००० |
| दोर्चि शेर्पा | का.स. | ६००० |
| स्मारिका लिम्बु | निजी सचिव | ६००० |
| पारवति पाङ्मा लिम्बु | स.लैव अस्मि. | ६००० |
| सन्त कुमार वनेम लिम्बु | का.स. | ६००० |
| सुनिता शेर्पा | का.स. | ६००० |
| चन्द्र वीर माङदेन | हि.मे. ड्राइभर | ६००० |
| दालामु शेर्पा | अ.न.मी. | ६००० |
| अमिट लिम्बु | ल्या.अ. | ६००० |
| रण सिंह लिम्बु | एम्बुलेन्स ड्राइभर | ६००० |
| सुर्य लिम्बु | है.मे. ड्राइभर | ६००० |
| विजय लिम्बु | का.स. | ६००० |
| मन्जु लिम्बु | ल्या.अ. | ६००० |
| परदेशी चेम्जोङ | रेडियोग्राफर | ६००० |
| गोपीमाया प्रसाईं | का.स. | ६००० |
| पेमा शेर्पा | अ.स.इ | ६००० |
| सुरेन्द्र राई | ओभीओटी | ६००० |
| सुजन लिम्बु | ओभीओटी | ६००० |
| जम्मा | - | १३८००० |

१३८०००

लक्ष्मी माया गोम्देन नि.प्र.प्र. अ

<table>
<tr>
<td>३३</td>
<td>गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ३(३) मा गाउँपालिकाको अध्यक्ष/उपाध्यक्षले कार्यालय प्रयोजनका लागि गाउँपालिकाको राजस्व र आन्तरिक आय एवं कार्यालयको कार्य बोझ समेतलाई ध्यानमा राखी कार्यालयको निर्णय बमोजिम एक जना कर्मचारीलाई निजी सचिवको रुपमा राख्न सक्ने व्यवस्था गरेको छ । तर यस पालिकाका अध्यक्ष तथा उपाध्यक्षले नियम विपरित १/१ जना निजी सचिव राखी प्रतिव्यक्ति वार्षिक ४५९६४६।— तलब भत्ता खर्च लेखेको छ । ऐनले तोकेको भन्दा बढी हुने गरी निजी सचिव राख्ने कार्य नियमसम्मत नदेखिएको हुँदा ऐन नियममा भएको व्यवस्थाको कार्यान्वयन हुनुपर्ने देखिएको रु.</td>
<td>४५९६४६</td>
<td>गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ३(३) मा गाउँपालिकाको अध्यक्ष/उपाध्यक्षले कार्यालय प्रयोजनका लागि गाउँपालिकाको राजस्व र आन्तरिक आय एवं कार्यालयको कार्य बोझ समेतलाई ध्यानमा राखी कार्यालयको निर्णय बमोजिम एक जना कर्मचारीलाई निजी सचिवको रुपमा राख्न सक्ने व्यवस्था गरेको छ ।यस सम्बन्धमा अध्यक्ष ज्यूको कार्य व्यस्थता हुने भएकोले एक जना निजी सचिवले अध्यक्ष र उपाध्यक्षसँग हिड्न र काम गर्न सम्भव नहुने हुँदा दुई जना निजी सचिव राखिएको हो ।तर हाल एक जना निजी सचिव हटाई एक जना निजी सचिव मात्र राखिएको हुनाले बेरूजु लगत कट्टाका लागि बेरूजु लगत कट्टा गरिदनु हुन मलेप समक्ष पेश गर्ने निर्णय गरियो ।</td>
<td>४५९६४६</td>
<td>लक्ष्मी माया गोम्देन नि.प्र.प्र.अ</td>
</tr>
<tr>
<td>४२</td>
<td>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ मा सरकारी रकम खर्च गर्दा बजेट तथा कार्यक्रमको सीमा भित्र रही खर्च गर्नुपर्ने व्यवस्था छ । यस गाउँपालिकाको २०८०।२।१२ को कार्यपालिकाको निर्णय अनुसार मैवाखोला गाउँपालिकाको आ.व. २०७९।८० को कार्यक्रममा विनियोजित रकम आवधिक योजना शिर्षकबाट पालिकाको कर्मचारी संगठन तथा व्यवस्थापन सर्वेक्षण कार्यक्रमका लागि रु.५०००००।—तथा राजस्व सुधार योजना निर्माणका लागि रु. ५०००००।- खर्च गर्ने निर्णय भएको देखिन्छ । तर पालिकाले देहायका बमोजिम कार्यको खर्च तोकिएको शीर्षकबाट नगरी फरक शीर्षकबाट गरेको देखिएकोले उक्त खर्च नियमसम्त नदेखिएको रु.
<table>
<tr><th>भौ.नं./मिति</th><th>विवरण</th><th>भुक्तानी पाउने</th><th>खर्च शीर्षक</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>४४३।२०८०।३।२१</td><td>संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन</td><td>स्थानीयत स्वशासन सहयोग मञ्च नेपाल प्रा.लि.</td><td>पारिश्रमिक कर्मचारी</td><td>४७३४७०</td></tr>
<tr><td>४९६।२०८०।३।२४</td><td>राजस्व सुधार कार्ययोजना प्रतिवेदन</td><td>डी.वी. कन्सल्टेन्ट्यान्ट प्रा.लि.</td><td>पारिश्रमिक कर्मचारी</td><td>४९४३७५</td></tr>
<tr><td></td><td></td><td></td><td>जम्मा</td><td>९६७८४५</td></tr>
</table>
</td>
<td>९६७८४५</td>
<td>कर्मचारी संगठन तथा व्यवस्थापन सर्वेक्षण र राजश्व सुधार योजना निर्माणको लागि रू. ९६७८४५।- भुक्तानी दिएकोमा यो योजना तथा कार्यक्रम संघीय वित्तीय समानीकरणबाट विनियोजन भएकोमा सो समानीकरणको रकम पूर्ण रूपमा निकासा नभएको हुँदा उक्त योजना तथा कार्यक्रम राजश्व बाँडफाँडबाट गर्नु पर्ने भएकोले कार्यपालिकाबाट सम्बन्धित खर्च शीर्षकबाट खर्च गर्ने भनी निर्णय भएता पनि असारको अन्तिममा सुत्र सर्भर डाउन हुने समस्याले गर्दा बजेट तथा कार्यक्रम रकमान्तर नभएकोले र सो कार्यक्रमको कार्यसम्पन्न समेत भएको हुँदा सम्वन्धित खर्च शीर्षकबाट भुक्तानी नभई पारिश्रमिक खर्च शीर्षकबाट भुक्तानी गरिएको हो ।अव उप्रान्त फरक खर्च शीर्षकबाट खर्च नगरिने प्रतिवद्धता समेत पेश भएकोले उक्त बेरूजु नियमित गरी फछ्यौट गर्ने निर्णय भएको हुँदा बेरूजु लगत कट्टा गरिदनु हुन मलेप समक्ष पेश गर्ने निर्णय गरियो ।</td>
<td>९६७८४५</td>
<td></td>
</tr>
</table>

| | | | | | |
|---|---|---|---|---|---|
| ४५ | प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको प्ररियोजना कार्यान्वयन म्यानुअल, २०७७ को परिच्छेद ७ को बुँदा नं ७.१ मा तोकिएका पकेटमा सञ्चालन हुने क्रियाकलापहरुका लागि नेपाल सरकारले तोकि दिएको अवस्थामा बाहेक बीउ, बेर्ना, बिरुवा, माछा भुरा लगायतका सेवासुविधारुमा बढीमा ५० प्रतिशत तथा कृषि औजार र उपकरणहरुमा बढिमा ८५ प्रतिशत सुबिधाहरु दिने व्यवस्था छ। पालिकाले आलु पकेट कार्यक्रम सञ्चालन गर्ने गरी पाखिन टोल बाङगेलाम आलु पकेट उपभोक्ता सञ्चालक समिति सँग मिति २०७९ मंसिर १४ गते देखि २०७९ माघ ८ गते सम्म वडा नं ३ को पाखिन टोलमा कार्यक्रम गर्ने गरी रु ७५०२२०।– को लागत अनुमान तयार गरी पालिकावाट रु ६०००००।– तथा उपभोक्ता समितिबाट रु १५०२२०।– लागत सहभागिता हुने गरी सम्झौता गरेको देखियो । सम्झौता अनुसार काम गरी उपभोक्ता समितिले पेश गरेको विलको आधारमा पालिका ७५७० केजी आलुको बिउ प्रति केजी रु ७० को दरले तथा ३०६ घना बाँस प्रति घना रु १०० को दरले.जम्मा रु ५६०५००।-- भुक्तानी गरेको छ ।परियोजना कार्यान्वयन म्यानुअलको परिच्छेद ७ को बुँदा नं ७.१ मा भएको व्यवस्थाबमोजिम लागत अनुमान तयार गर्दा बिउ विजनमा ५० प्रतिशत र अन्य उपकरण लगायतमा ८५ प्रतिशत अनुदान हुने गरी तयार नगरेको कारण ३७८५ केजी आलुको बिउ तथा १२.५ घना बाँसको हुने रु २६६२०० उपभोक्ता समितिलाई बढी भुक्तानी हुन गइ पालिकालाई थप व्ययभार पर्न गएको हुँदा उपभोक्ता समितिसँग भएको उक्त कार्य नियम सम्मत नदेखिएको रु | २६६२०० | परियोजना कार्यान्वयन म्यानुअलको परिच्छेद ७ को बुँदा नं ७.१ मा भएको व्यवस्थाबमोजिम लागत अनुमान तयार गर्दा बिउ विजनमा ५० प्रतिशत र अन्य उपकरण लगायतमा ८५ प्रतिशत सुविधाहरू दिने व्यवस्था अनुसार कार्यक्रम संचालन गर्नु पर्नेमा आलु पकेट कार्यक्रम संचालक समितिबाट र सो सँग सम्बन्धित लाभग्राहीहरूबाट ५० प्रतिशत लागत सहभागिता वापतको रकम व्यहोर्न नसक्ने भएको साथै उक्त लाभग्राहीहरूको आर्थिक अवस्था ज्यादै दयनीय रहेको र आलु पकेटको लागि भौगोलिक क्षेत्र, हावापानी र उर्वरभूमी समेत भएकोले उत्पादन बढी भन्दा बढी भई त्यस समुदायको आर्थिक अवस्थामा सुधार भई जीवनस्तरमा थप टेवा पुग्ने भएकोले उक्त बेरूजु नियमित गरी फछ्यौट गर्ने निर्णय भएको हुँदा बेरूजु लगत कट्टा गरिदनु हुन मलेप समक्ष पेश गर्ने निर्णय गरियो । | २६६२०० | लक्ष्मी माया गोम्देन नि.प्र.प्र.अ |
| ४७ | प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको परियोजना कार्यान्वयन म्यानुअल, २०७७ को परिच्छेद ७ को बुँदा नं ७.१ मा तोकिएका पकेटमा सञ्चालन हुने क्रियाकलापहरुका लागि नेपाल सरकारले तोकि दिएको अवस्थामा बाहेक बीउ, बेर्ना, बिरुवा, माछा भुरा लगायतका सेवासुविधारुमा बढीमा ५० प्रतिशत तथा कृषि औजार र उपकरणहरुमा बढिमा ८५ प्रतिशत सुविधाहरु दिने व्यवस्था छ ।पालिकाले आलु पकेट कार्यक्रम सञ्चालन गर्ने गरी बोझेनी आलु पकेट सञ्चालक समितिसँग मिति २०७९ मंसिर ११ गते देखि २०७९ पौस २६ गते सम्म वडा नं १ को चित्रेभा कार्यक्रम गर्ने गरी रु ७५०३२०।- को लागत अनुमान तयार गरी पालिकाबाट रु ६०००००।– तथा उपभोक्ता समितिबाट रु १५००००।– लागत सहभागिता हुने गरी सम्झौता गरेको देखियो ।सम्झौता अनुसारको काम गरी उपभोक्ता समितिले पेश गरेको विलको आधारमा पालिकाले ७५०० केजी आलुको बिउ प्रति केजी रु ७० को दरले तथा १० वटा ग्रिन नेट प्रति ग्रिन नेट रु ७५००।– को दरले जम्मा रु ६०००००। भुक्तानी गरेको छ । परियोजना कार्यान्वयन म्यानुअलको परिच्छेद ७ को बुँदा नं ७.१ मा भएको व्यवस्थाबमोजिम लागत अनुमान तयार गर्दा बिउ विजनमा ५० प्रतिशत र अन्य उपकरण लगायतमा ८५ प्रतिशत अनुदान हुने गरी तयार नगरेका कारण ३७५० केजी आलु तथा १.५ वटा ग्रिन नेटको हुने रु २७३७५०।– बढी भुक्तानी हुन गई पालिकालाई थप व्ययभार पर्न गएको हुँदा उपभोक्ता समितिसंग भएको उक्त काम नियम सम्मत नदेखिएको रु | २७३७५० | परियोजना कार्यान्वयन म्यानुअलको परिच्छेद ७ को बुँदा नं ७.१ मा भएको व्यवस्थाबमोजिम लागत अनुमान तयार गर्दा बिउ विजनमा ५० प्रतिशत र अन्य उपकरण लगायतमा ८५ प्रतिशत सुविधाहरू दिने व्यवस्था अनुसार कार्यक्रम संचालन गर्नु पर्नेमा आलु पकेट कार्यक्रम संचालक समितिबाट र सो सँग सम्बन्धित लाभग्राहीहरूबाट ५० प्रतिशत लागत सहभागिता वापतको रकम व्यहोर्न नसक्ने भएको साथै उक्त लाभग्राहीहरूको आर्थिक अवस्था ज्यादै दयनीय रहेको र आलु पकेटको लागि भौगोलिक क्षेत्र, हावापानी र उर्वरभूमी समेत भएकोले उत्पादन बढी भन्दा बढी भई त्यस समुदायको आर्थिक अबस्थामा सुधार भई जीवनस्तरमा थप टेवा पुग्ने भएकोले हुँदा बेरूजु लगत कट्टा गरिदनु हुन मलेप समक्ष पेश गर्ने निर्णय गरियो । | २७३७५० | लक्ष्मी माया गोम्देन नि.प्र.प्र.अ |

<table>
<tr>
<td>४९</td>
<td>प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको परियोजना कार्यान्वयन म्यानुअल, २०७७ को परिच्छेद ७ को बुँदा नं ७.१ मा तोकिएका पकेटमा सञ्चालन हुने क्रियाकलापहरुका लागि नेपाल सरकारले तोकि दिएको अवस्थामा बाहेक बीउ, बेर्ना, बिरुवा, माछा भुरा लगायतका सेवासुविधाहरुमा बढीमा ५० प्रतिशत तथा कृषि औजार र उपकरणहरुमा बढिमा ८५ प्रतिशत सुविधाहरु दिने व्यवस्था छ ।पालिकाले आलु पकेट कार्यक्रम सञ्चालन गर्ने गरी फलाटे आलु पकेट सञ्चालक समितिसँग मिति २०७९ पुष ८ गते देखि २०७९ माघ ८ गते सम्म वडा नं ३ मा कार्यक्रम गर्ने गरी रु ७५०३२० को लागत अनुमान तयार गरी पालिकाबाट रु ६०००००।— तथा उपभोक्ता समितिबाट रु १५००००।— लागत सहभागिता हुने गरी सम्झौता गरेको देखियो । सम्झौता अनुसारको काम गरी उपभोक्ता समितिले पेश गरेको विलको आधारमा पालिकाले ७५०० केजी आलुको बिउ प्रति केजी रु ७० को दरले तथा १० वटा ग्रिन नेट प्रति ग्रिन नेट रु ७५००।— को दरले जम्मा रु ६०००००।-भुक्तानी गरेको छ । परियोजना कार्यान्वयन म्यानुअलको परिच्छेद ७ को बुँदा नं ७.१ मा भएको व्यवस्थाबमोजिम लागत अनुमान तयार गर्दा बिउ विजनमा ५० प्रतिशत र अन्य उपकरण लगायतमा ८५ प्रतिशत अनुदान हुने गरी तयार नगरेका कारण ३७५० केजी आलु तथा १.५ वटा ग्रिन नेटको हुने रु २७३७५०।— बढी भुक्तानी हुन गई पालिकालाई थप व्ययभार पर्न गएको हुँदा उपभोक्ता समितिसंग भएको उक्त काम नियम सम्मत नदेखिएको रु</td>
<td>२७३७५०</td>
<td>परियोजना कार्यान्वयन म्यानुअलको परिच्छेद ७ को बुँदा नं ७.१ मा भएको व्यवस्थाबमोजिम लागत अनुमान तयार गर्दा बिउ विजनमा ५० प्रतिशत र अन्य उपकरण लगायतमा ८५ प्रतिशत सुविधाहरू दिने व्यवस्था अनुसार कार्यक्रम संचालन गर्नु पर्नेमा आलु पकेट कार्यक्रम संचालक समितिबाट र सो सँग सम्बन्धित लाभग्राहीहरूबाट ५० प्रतिशत लागत सहभागिता बापतको रकम व्यहोर्न नसक्ने भएको साथै उक्त लाभग्राहीहरूको आर्थिक अवस्था ज्यादै दयनीय रहेको र आलु पकेटको लागि भौगोलिक क्षेत्र, हावापानी र उर्वरभूमी समेत भएकोले उत्पादन बढी भन्दा बढी भई त्यस समुदायको आर्थिक अबस्थामा सुधार भई जीवनस्तरमा थप टेवा पुग्ने भएकोले बेरूजु लगत कट्टा गरिदनु हुन मलेप समक्ष पेश गर्ने निर्णय गरियो ।</td>
<td>२७३७५०</td>
<td>लक्ष्मी माया गोम्देन नि.प्र.प्र.अ</td>
</tr>
<tr>
<td>५०</td>
<td>पालिकाको वार्षिक बजेट तथा कार्यक्रममा प्रविधि हस्तान्तरण कार्यक्रम रहेको छ । गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका,२०७७ को दफा ४१ को उपदफा ३ मा उपलब्ध गराईने प्रविधिको कुल लागतको कम्तिमा २० प्रतिशत रकम उद्यमि स्यवंमले वयहोर्नुपर्ने व्यवस्था छ। पालिकाले देहायको भौ नं बाट गरिवी निवारण सम्बन्धी प्रविधि हस्तान्तरणको कार्यक्रम संचालन गर्दा उद्यमिबाट व्यहोर्नु पर्ने देहायबमोजिमका रकम पालिकाबाट सबै रकम व्यहोर्ने गरी कार्यक्रम संचालन गरेको छ । यसरी कार्यक्रम संचालन गरी उद्यमीको अंश समेत पालिकाबाट भुक्तानी गरेकोले पालिकालाई थप व्ययभार परेको हुँदा उक्त कार्य नियम सम्मत नदेखिएको रु
<table>
<tr><th>भौ नं मिति</th><th>उद्यमशिल विकास कार्यक्रम</th><th>कुल खर्च रु(मु.अ.कर समेत)</th><th>उद्यमिले व्यहोर्नुपर्ने(२० प्रतिशत)</th></tr>
<tr><td>२४०।२०६ ९।३।२४</td><td>गरिवी निवारण</td><td>१५५३४३</td><td>३१०६८</td></tr>
<tr><td>२४२।२०८ ०।३।२४</td><td>गरिवी निवारण</td><td>४८००००</td><td>९६०००</td></tr>
<tr><td>२३७।२०८ ०।३।२४</td><td>गरिवी निवारण</td><td>४३१०००</td><td>८६२००</td></tr>
<tr><td>२३८।२०८ ०।३।२४</td><td>गरिवी निवारण</td><td>४१९२३७</td><td>८३८४७</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>१४८५५८०</td><td>२९७११५</td></tr>
</table>
</td>
<td>२९७११५</td>
<td>गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका,२०७७ को दफा ४१ को उपदफा ३ मा उपलब्ध गराईने प्रविधिको कुल लागतको कम्तिमा २० प्रतिशत रकम उद्यमि स्यवंमले वयहोर्नुपर्ने व्यवस्था छ । यस सम्बन्धमा समुदायका सम्पन्न मानिसहरू उद्यम व्यवसाय नगर्ने र विपन्न वर्गका आर्थिक स्थिति कमजोर भएका मानिसहरू मात्र उद्यम बन्ने भावनाका हुने तर तिनिहरूको जीवनस्तर साह्रै नाजुक रहेकोले तोकिएको रकम व्यहोर्न समेत नसक्ने भएकोले सो विपन्न वर्गका मानिसहरूलाई उद्यमशील बनाई जीवनस्तरमा थप सुधार ल्याउनको लागि सो २० प्रतिशतको रकम पालिकाबाट थप गरी उक्त कार्यक्रम संचालन गरी कार्य सम्पन्न समेत भएकोले उक्त बेरूजु नियमित गरी फछ्यौट गर्ने निर्णय भएको हुँदा बेरूजु लगत कट्टा गरिदनु हुन मलेप समक्ष पेश गर्ने निर्णय गरियो ।</td>
<td>२९७११५</td>
<td>लक्ष्मी माया गोम्देन नि.प्र.प्र.अ</td>
</tr>
</table>

| | | | | | |
|---|---|---|---|---|---|
| ५१. २ | पचास प्रतिशत अनुदानमा कृषकलाई मकैको बिउ वितरण गर्नका लागि प्रति केजी दरले ७५० केजी मकैको बिउ खरिद गरी गौतम फलफूल नर्सरी फर्मलाई रु. ७५०००। भुक्तानी गरेको छ । खरिद गरेको बिउ विभिन्न कृषकलाई खरिद मूल्यको ५० प्रतिशतले हुने मूल्य रु. ३७५००। असुल गरी वितरण गरेको भरपाई पेश भएको छ । यसरी ५० प्रतिशत अनुदानमा वितरण गर्दा पालिकाको तर्फबाट खरिद मूल्यको आधा अर्थात् रु. ३७५००। मात्र भुक्तानी गर्नु पर्नेमा पालिकाबाट पुरै रकम भुक्तान गरी कृषकबाट उठाएको ५० प्रतिशत रकम रु. ३७५००। बाट सुन्तलाको बिरुवा खरिद गरी वितरण गर्ने वडा कार्यालयको निर्णय र ३५ जनालाई ९३२ गोटा सुन्तलाको बिरुवा बाँडेको भरपाई पेश गरेको छ । तर कति मूल्यमा कतिवटा बिरुवा खरिद गरेको सो बिल पेश भएको छैन । पालिकाको निर्णय बेगर वडा समितिबाट छुट्टै निर्णय गरी थप क्रियाकलाप सञ्चालन गर्नु नियमसम्मत नदेखिएको हुँदा पालिकाबाट अनुगमन गरी वास्तविक किसानले लाभ प्राप्त गरे नगरेको यकिन गरी नियमित गर्नुपर्ने रु. | ३७५०० | यस सम्बन्धमा सुन्तलाको बिरुवा खरिद गरि कृषकहरुलाई वितरण गरि सकिएको छ सो सुन्तलाको बिरुवा खरिद गरएको मुल्य र किसानले सो बिरुवा प्राप्त गरेको प्रमाण सहितको अनुगमन प्रतिवेदन पालिकाबाट पेश भएकोले उक्त बेरूजु नियमित गरी फछ्यौट गर्ने निर्णय भएको हुँदा बेरूजु लगत कट्टा गरिदनु हुन मलेप समक्ष पेश गर्ने निर्णय गरियो । | ३७५०० | लक्ष्मी माया गोम्देन नि.प्र.प्र.अ. |

| | | | | | |
|---|---|---|---|---|---|
| ८२ | सार्वजनिक खरिद नियमावली २०६३ को दफा ११८ अनुसार खरिद सम्झौता गर्दाको बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सो सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भई ऐनको दफा ५४ बमोजिमम सार्वजनिक निकायले भेरीएशन आदेश जारी गर्नु पर्ने भएमा यस नियमावली बमोजिमको प्रक्रिया पूरा गरी जारी गर्नु पर्ने व्यवस्था छ । त्यसै गरी उपनियम (२) मा उपनियम (१) बमोजिम निर्माण कार्यको भेरिएशन आदेश जारी गर्नु पर्दा देहाय बमोजिमको विवरण खुलाई ऐनको दफा ५४ बमोजिम त्यस्तो भेरिएशन स्वीकृत गर्ने अधिकार भएको सार्वजनिक निकायको प्रमुखले प्रमाणित गरेको हुनु पर्ने व्यवस्था छ । (क) निर्माण कार्यको ड्रईङ डिजाइन तथा स्पेशिफिकेशन आदि बदल्नु पर्ने वा नपर्ने र बदल्नु पर्ने भएमा निर्माण कार्यको आधारभूत प्रकृति वा क्षेत्र परिवर्तन हुने वा नहुने कुरा (ख) भेरिएशन परिमाणको प्राविधिक पुष्टयाई र कारण (ग) ऐनको दफा ५क को उपदफा (२) बमोजिम लागत अनुमानमा प्रभाव पर्ने भए सोको प्रतिशत र (घ) स्वीकृत बजेट तथा कार्यक्रममा परे वा नपरेको कुरा भन्ने व्यवस्था छ । लेखापरीक्षणका लागि छनौट गरिएका देहायका योजनामा पालिकाले नियमावलीमा भएको व्यवस्था विपरित पुर्वअनुमान गर्न सकिने कार्यहरुको समेत उपनियम (२) मा उल्लेखित विवरण नखुलाई २२.३८ प्रतिशत देखि ८१.१६ प्रतिशत भेरिएशन गरी निर्माण कार्यको भुक्तानी गरेको हुदा उक्त कार्य नियमसम्मत नदेखिएको रु. | १.०४.१८.२०८२ | १ यस गाउँपालिकाको वडा नं १ स्थित तेल्लाबुङमा गाउँपालिका र प्रदेश समपुरक आयोजना अन्तर्गत जनकल्याण मा.वि. भवन निर्माण गर्न आ.ब. ०७९/०८० मा रु ७१,००,०००/- बाट भवन निर्माण तर्फ यस कार्यालयको ठेक्का नं. M/WORKS/NCB/H/०२ को मिति २०७९/०९/१२ मा ठेकेदार कम्पनी श्री तेल्लावुङ्ग कन्स्ट्रकसन एण्ड सप्लायर्स प्रा.लि. ताप्लेजुङसँग रु. ५६२६०६८.१७ रकममा कार्य सम्झौता भई सोही मितिमा (Work Order) कायदिश दिइएको हो । कार्यअवधि मिति २०८०/०३/२५ सम्म रहेको छ ।<br>भवन निर्माण कार्य ठेक्का सम्झौताबाट बाँकी रकम रु.१४४९७२५.५७ बजेटको कार्यान्वयनका लागि थप ठेक्का खोल्न भवनको पहिलो तल्लाको ढलान कार्यको निर्माण सम्पन्न भएपश्चात मात्र हुने भएकोले सो अवधिभित्र बाँकी बजेटको लागि नयाँ ठेक्का खोल्न प्राविधिक समस्या रहेको देखिन्छ । जनकल्याण मा.वि. तेल्लाबुङ्गको विद्यालय व्यवस्थापन समितिको मिति २०८०/०१/०४ गतेको बैठकको माइन्युट तथा पत्र अनुसार बाँकी रहेको बजेटलाई कार्यान्वयन गर्न गराउन सोही भवनको तल्ला थप गर्न माग पत्र यस गाउँपालिकामा दर्ता भएको थियो । जनकल्याण मा.वि. तेल्लाबुङ्गको विद्यालय व्यवस्थापन समितिले बाँकी बजेटलाई कार्यान्वयन व्यवस्थापन गर्न माँग बमोजिम मिति २०८० साल बैशाख १३ गते बुधवार १ नं वडा समितको निर्णय गरि मैवाखोला गाउँकार्यपालिकामा दर्ता भएको थियो । जनकल्याण मा.वि नयाँ ठेक्का प्रक्रियामा जान असमर्थ भइ हाल निर्माणाधिन भवन निर्माण व्यवसायीलाई सम्झौतामा कबोल गरेको स्वीकृत दररेटलाइ मान्ने गार थप कार्य गर्न गराउन यस गाउँकार्यपालिकाको मिति २०८०/०१/२६ गते बसेको उन्नाइसौ बैठकबाट निर्णय नं. २० बमोजिम Variation Order बाट तल्ला थप गर्ने निर्णय भएको<br>तला थप गनको लागि प्रविधिक लागत स्टमेट रु १४४०९२५.५७ देखिएकोले सो लागत रकम गाउँकार्यपालिकाको मिति २०८०/०२/१२ गते बसेको विसौ बैठकको निर्णय नं १६ बाट निर्णय भएकोले मिति २०८०/०२/१४ गते तला थपको लागि थप सम्झौता भई कार्यान्यन भएकोले बेरूजु लगत कट्टा गरिदनु हुन मलेप समक्ष पेश गर्ने निर्णय गरियो ।<br>२ यस गाउँपालिकाको वडा नं १ स्थित तेल्लाबुङमा गाउँपालिका र सघीय विशेष अनुदान आयोजना अन्तर्गत जनकल्याण मा.वि. भवन निर्माण गर्न आ.ब. ०७९/०८० मा रु ७०,००,०००/- बाट भवन निर्माण तर्फ यस कार्यालयको ठेक्का नं. M/WORKS/NCB/E/०२ को मिति २०७९/०९/१२ मा टेकेदार कम्पनी श्री हिमालयन शेर्पा कन्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. ताप्लेजुङसँग रु ४८,४९,७५५.५३ रकममा कार्य सम्झौता भई सोही मितिमा (Work Order) कार्यदिश दिइएको हो । कार्यअवधि मिति २०८०/०३/२५ सम्म रहेको छ ।<br>भवन निर्माण कार्य ठेक्का सम्झौताबाट बाँकी रकम रु.२०,७९,०१०.३४ बजेटको कार्यान्वयनका लागि थप टेक्का खोल्न भवनको पहिलो तल्लाको ढलान कार्यको | १.०४.१७.२०८२ | लक्ष्मी माया गोम्देन नि.प्र.प्र.अ |